पाठ ८

# एकलेसिया (मण्डली) समुदायको अङ्ग हुनु

ची किम एक टुहुरा थिए। उनी ६ वर्षका मात्र भए तापनि उनी हङ्कङ्का सड़कहरूमा नै बस्थे। उनको आफ्नो भन्ने कोही थिएन।

एक दिन एक दयालु मानिसले ची किमलाई भेट्टाए र धेरै केटाकेटीहरू बस्ने घरमा उनलाई पनि लगे। यहाँ उनलाई राम्रोसँग हेरचाह गरियो, र उनलाई येशूको बारेमा पनि सिकाइयो। छिट्टै नै त्यहाँ उनले पढ्न र आफ्नो नाम लेख्न सिके।

केही महीनापछि ची किमलाई दयालु चिनिया परिवारको घरमा लगियो। उनलाई धर्मपुत्रको रूपमा स्वीकार गरियो र साँच्चीकै छोराजस्तो गरी पालनपोषण गरियो। उनी कुनै परिवारको अङ्ग भएका हुनाले अब उनी अति नै खुशी भए।

हाम्रो एउटा आधारभूत आवश्यकताचाहिँ केही कुराको भाग वा अङ्ग हुनु हो। परिवारको अङ्ग हुनाले यसले हामीलाई सान्त्वना र सुरक्षा दिन्छ। जब तपाईं ख्रीष्टियान बन्नुभयो, तपाईं परमेश्वरको परिवारको अङ्ग बन्नुभयो। परमेश्वरको परिवार अर्थात् उहाँको एकलेसिया निर्माण गर्ने विश्वासीहरूको समुदायको अङ्ग हुनु भनेको के हो सो कुरा तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

एकैसाथ आराधना गर्नु
एकैसाथ सङ्गति गर्नु
एकैसाथ सेवा गर्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- एकलेसियाको अङ्ग बन्नाले तपाईं आफ्नो समुदायमा कसरी उत्तम व्यक्ति बन्न सक्नुहुन्छ सो बुझ्न।
- एकलेसियामा विश्वासीहरूको सामुहिक सेवाको केही नतीजाहरू वर्णन गर्न।
- तपाईंको समुदायप्रति भएको तपाईंको एकलेसियाका सेवाहरूमा आफैलाई संलग्न गराउन।

## एकैसाथ आराधना गर्नु

उद्देश्य १ *अरू विश्वासीहरूसँग परमेश्वरलाई आराधना गर्ने मूल्यतालाई परिचित गर्नुहोस्।*

तपाईंलाई याद छ होला कि हामीले पाठको शुरूमा नै भनेका थियौं, कि एकलेसिया (मण्डली) भनेको भवन होइन, तर योचाहिँ प्रभुको काम गर्नको निम्ति एक भएका विश्वासीहरूको शरीर हो। जब हामी ख्रीष्टियान बन्छौं, हामी ख्रीष्टको शरीरका अङ्ग बन्छौं। हामी उहाँको विश्वव्यापी एकलेसियाका भाग हौं। मानिसहरूको यस भुण्ड (शरीर)-ले एकैसाथ प्रभुको काम गर्न र एकैसाथ उहाँलाई आराधना गर्न एकत्रित पार्छ। तिनीहरूले आ-आफ्ना समुदायमा एकलेसिया भुण्डहरू खड़ा गर्छन्। प्रेरितको पुस्तकमा हामी शुरूको एकलेसिया र शुरूका ख्रीष्टियानहरूले नयाँ-नयाँ ठाउँमा गई प्रत्येक समुदायमा नयाँ एकलेसिया समूहहरू शुरू गर्न कसरी सहायता गरे भन्ने बारेमा पढ्छौं। आफ्ना प्रभुलाई आराधना गर्नका लागि एकैसाथ भेला हुने ठूलो इच्छा यी शुरूका विश्वासीहरूमा थियो।

परमेश्वरलाई आराधना गर्नु भनेको तपाईंको भक्ति उहाँलाई चढ़ाउनु हो। सबै कुराभन्दा बढ़ी तपाईं उहाँलाई पूज्नुहुन्छ। हामी कति पल्ट उहाँलाई एकलै पनि आराधना गर्छौं। तर कति पल्ट त अरूहरूसँग परमेश्वरलाई आराधना गर्न सजिलो पर्छ।

परमेश्वरले मानिसलाई बनाउनुभयो, यसरी ऊ अरू मानिसहरूसँग हुन रुचाउँछ। आराधनामा एकसाथ भेला हुने इच्छा गर्नु विश्वासीहरूका निम्ति स्वाभाविक नै हो। अरूहरूसँग हामीले आराधना गर्दा हामीले उत्साह पाउँछौं र हामीले उत्साह दिएका पनि हुन्छौं।

परमेश्वरलाई आराधना चढ़ाउने धेरै तरीकाहरू छन्। उहाँलाई विभिन्न तरीकाहरूमा आराधना गर्नुपर्छ भनी भजनसंग्रहमा हामीलाई निर्देशन दिइएको छ– हाम्रा तालीहरू बजाएर, उहाँमा भजनहरू गाएर, हाम्रा आवाजहरूद्वारा उहाँको प्रशंसा गरेर, प्रार्थना गरेर, बाजा-गाजा बजाएर र अरू तरीकाहरू अपनाएर। यी तरीकाहरूमा अरू विश्वासीहरूसँगसँगै आराधना गर्दा परमेश्वरप्रतिको हाम्रो प्रेम र भक्तिलाई प्रकट गर्न हामीलाई सजिलो पर्छ।

एक जना व्यक्ति धेरै पल्ट एकलेसियामा अनुपस्थित भए। उनी किन नआएका हुन् भनी जान्न पास्टर उनलाई भेट्न गए। अरू विश्वासीहरूसँगै आराधना गर्न कति ठूलो आवश्यकता छ भनी देखाउनलाई अगेनोमा गई पास्टरले बलिराखेको आगोको फिलिङ्गो बाहिर निकाले। केही बेरसम्म यो फिलिङ्गो रातो



देखा पऱ्यो, तर बिस्तारै निभ्यो। ती व्यक्तिले यसबाट पाठ सिके। जब हामी "आगोमा नै बस्छौं," हामी "प्रभुको निम्ति चम्किन सक्छौं।" अरू विश्वासीहरूसँग आराधना गर्नाले परमेश्वरको सेवा गर्नको लागि हामीलाई ठूलो बल मिल्छ।

परमेश्वरलाई गरिएको आराधना प्रकट गर्ने अर्को तरीकाचाहिँ अरूहरूलाई गरिएको सेवाद्वारा हो। परमेश्वरप्रतिको प्रेम र आराधनालाई प्रकट गर्ने साँचो आराधना अरू मानिसहरूप्रति भएको प्रेम र दयामा प्रकट भएको हुन्छ। मत्ती २५:३१-४०-मा येशूका शब्दहरूमा यो प्रकट गरिएको छ, जसलाई हामीले अर्को पाठमा हेरिसकेका छौं। जब हामी अरूहरूका सेवा गर्छौं, प्रभुलाई नै सेवा गरिएको रूपमा हामीले यो गरेका हुन्छौं।



## तपाईंको अभ्यासको निम्ति

**१** अरू विश्वासीहरूसँग गरिएको आराधनाको मूल्यतालाई वर्णन गर्ने बयानहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. हामीले बल प्राप्त गर्छौं।

**ख**. हामी आफ्नै बारेमा मात्र सरोकार राख्ने हुन्छौं।

**ग**. हामी उत्साह पाउँछौं र दिन्छौं।

**घ**. अरूहरूलाई गरिएको सेवाद्वारा हामी परमेश्वरको आदर गर्छौं।

**ङ**. आराधनामा भाग लिनलाई हामी सजिलोपनको अनुभव गर्छौं।

**च**. परमेश्वरको बारेमा विचार गर्न हामीलाई अझै कठिन हुन्छ।

**२** परमेश्वरलाई आराधना गर्ने केही तरीकाहरूको सूची बनाउनुहोस्। ............................................................

............................................................................

**३** आराधनामा तपाईंलाई सहायता पुऱ्याएका तरीकाहरूका वरिपरि घेरा लगाउनुहोस्।

---

## एकैसाथ सङ्गति गर्नु

---

उद्देश्य २ *अरू विश्वासीहरूसँग सङ्गति गर्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

हाम्रो पहिलो पाठमा हामीले हेरिसकेका छौं कि *समुदायको* एउटा अर्थ "सङ्गति" हो। हामीलाई अरू मानिसहरूसँग सङ्गति चाहिन्छ। सङ्गतिको उच्च रूप ख्रीष्टियानहरूका बीचमा पाउन सकिन्छ।

अरू विश्वासीहरूसँग सङ्गति गर्नका लागि सबैभन्दा असल ठाउँचाहिँ एकलेसिया नै हो। जवान मानिसहरू एक-अर्कासँग हुन र मनोरञ्जन र कामको समयमा आनन्दित हुन चाहन्छन्। बयस्कहरूले पनि एक-अर्कालाई चिन्न र विभिन्न क्रियाकलापहरूमा एकसाथ भाग लिन आवश्यक छ।

एकलेसियामा भएको सङ्गति क्रियाकलापद्वारा पूरै समुदायमा पुग्न सकिन्छ। केटाकेटीहरूको विशेष क्रियाकलाप अरू केटाकेटीहरूलाई ल्याउने माध्यम हुन सक्छ। वन-भोज (पिकनिक)-को निम्ति एकैसाथ जानु वा कुनै परियोजनाहरूमा एकैसाथ काम गर्नु वा एक-अर्कासँग कुराकानी वा बाँड़चूँड़ गर्नु

मानिसहरूलाई अझै चिन्ने तरीकाहरू हुन्। अनि हामीले एक-अर्कालाई चिन्यौं भने आवश्यक परेको बेलामा हामी एक-अर्कालाई सहायता पुऱ्याउन अझै सक्षम हुन्छौं।

येशूले मानिसहरूसँग बसेर खानुभएको धेरै विवरणहरूलाई सुसमाचारहरूमा भेट्टाउन सकिन्छ। परमेश्वरको राज्यको बारेका महान् सत्यताहरूलाई बाँड्न र व्यक्तिगत आवश्यकताहरूलाई सेवा पुऱ्याउन उहाँले सङ्गतिका यी अनौपचारिक समयहरूलाई प्रयोग गर्नुभयो। हामी सबैलाई आराम गर्ने, एक-अर्कासँग आनन्दित हुने र एक-अर्कालाई चिन्ने समयको आवश्यकता पर्छ।

स्थानीय एकलेसियाका अङ्ग नभएका समुदायका सदस्यहरूलाई यही तरीकाद्वारा प्रभु र एकलेसियासँगको सङ्गतिमा ल्याइन्छ। बाँड़चूँड़ गर्ने, वास्ता गर्ने र प्रेम गर्ने कुराहरू समुदाय कार्यहरूद्वारा देखाइन्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**४** ख्रीष्टियानहरूले कससँग राम्रो सङ्गति गर्न सक्छन्?

**क**. आफूले सँगै काम गर्ने मानिसहरूसँग।

**ख**. आफ्ना छिमेकीहरूसँग।

**ग**. एकलेसियामा भएका अरू विश्वासीहरूसँग।

**५** सङ्गतिको सबैभन्दा ठूलो फाइदाचाहिँ के हो?

**क**. एकैसाथ कसरी अध्ययन गर्नुपर्छ भन्ने कुरा हामी सिक्छौं।

**ख**. हामी एक-अर्कालाई राम्रोसँग चिन्न सक्छौं।

**ग**. हामी आफ्ना समस्याहरूलाई बिर्सन्छौं।

**६** अरू विश्वासीहरूसँग सङ्गति गर्ने केही तरीकाहरूको वर्णन

गर्नुहोस्। ..........................................................................
..........................................................................

## एकैसाथ सेवा गर्नु

उद्देश्य ३ *सेवामा अरूहरूसँग संलग्न भएपछि प्राप्त नतिजाहरूलाई परिचित गर्नुहोस्।*

नियमित रूपमा एकलेसियामा हाजिर हुनुको एउटा ठूलो फाइदा अरू ख्रीष्टियानहरूसँगै अध्ययन गर्ने मौका पाउनु हो। प्रायःजसो एकलेसियाहरूमा बाल-सङ्गति कक्षाहरू वा बाइबल तालीम कक्षाहरू सञ्चालन गरिएका हुन्छन्। बाइबलको नियमित अध्ययनले कुनै पनि व्यक्तिलाई वचनको राम्रो पृष्ठभूमि र बुझाइ प्रदान गर्छ। हामी वृद्धि र परिपक्व हुनका लागि हामीलाई सहायता पुऱ्याउन पास्टरले वचन (उपदेश) तयार गर्छन्। यस किसिमले जब हामीलाई सेवा पुऱ्याइन्छ, तब हामीले पनि अरूहरूलाई सेवा पुऱ्याउन सक्छौं।

ख्रीष्टियान चालचलन र जिम्मेवारीको बारेमा तीतसको पुस्तक २ र ३ अध्यायले हामीलाई धेरै कुरा बताएको छ। साँचो सिद्धान्त वा शिक्षासँग मिल्ने धेरै कुराहरूलाई पावलले यी पदहरूमा बताएका छन्। विधवाहरूलाई सहायता गर्ने, जवानहरूलाई अर्ती दिने, आज्ञाकारी हुनू भनी कामदारहरूलाई शिक्षा दिने सबै कुरा यहाँ उल्लेख गरिएको छ। यी सबै कुराहरू एकलेसियाको सेवाका भाग हुन्।

एकलै गर्न नसकिने कामहरूलाई मानिसहरू एकसाथ मिलेर गर्न सक्छन्। धेरै ठाउँहरूमा किसानहरू एक-अर्कासँग मिली एकैसाथ काम गर्ने गर्छन्। आफ्नो कामलाई छोड़ेर पनि तिनीहरू अरूहरूको बाली लगाउने र उठाउने काममा संलग्न

हुन्छन्। सबै जनाले एकैसाथ काम गर्दा अन्न-बालीहरू भित्रिन्छन्। तिनीहरू एकलैले ती सबै कामहरू गर्न सक्दैनथे।

त्यही सिद्धान्त एकलेसियामा पनि लागू हुन्छ। उदाहरणको लागि बर्माका मानिसहरूका भाषामा बाइबल अनुवादको आवश्यकता पऱ्यो। एक जना व्यक्तिको निम्ति वा एउटा एकलेसियाको निम्ति पनि यो योजना ठूलो थियो। यसैले धेरै एकलेसियाबाटका धेरै मानिसहरूले एकैसाथ पैसा जम्मा गरे र यसरी बाइबल अनुवाद गर्नका लागि खर्च पुग्यो।



जब तपाईं प्रभुमा परिपक्व बन्नुहुन्छ, अरूहरूलाई सेवा पुऱ्याउने ठूलो इच्छा तपाईंमा आउँछ। तपाईंको संसार ठूलो बन्छ। तपाईं अरूहरूका आवश्यकताहरूप्रति सचेत बन्नुहुन्छ।

मानिसहरू भोकमारीमा परेका छन् भनी सुन्दा कोही-कोही मानिसहरूले त्यस कुराको वास्तै गर्दैनन्। मानिसहरूले कड़ा परिश्रम गरे भने खानेकुरा किन्नका लागि तिनीहरूसँग पैसा हुन्छ भनी तिनीहरू विचार गर्छन्। तर जब ख्रीष्टियानले भोकमारीको कारण मानिसहरूले दुःख पाएको खबर सुन्छ, तिनीहरूका

निम्ति ऊ दुःखित हुन्छ। येशूले भन्नुभयो, "प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई अझ धेरै सुम्पिदिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ," (लूका १ २:४८)। अर्को प्रकारले भन्ने हो भने यदि परमेश्वरले तपाईंलाई धेरै कुराहरू दिनुभएको छ भने, यो तपाईंको निम्ति उहाँको आशिष् हो। यद्यपि उहाँले तपाईंलाई दिनुभएका कुराहरूलाई तपाईंले कसरी प्रयोग गर्नुहुन्छ र अरूहरूका आवश्यकताहरूप्रति तपाईंको प्रतिउत्तर कस्तो छ भन्ने सम्बन्धमा तपाईं जिम्मेवार हुनुहुन्छ।

संसारमा भएका विभिन्न ठाउँका मानिसहरू भोकमारी, हूरी-बतास वा भूकम्पबाट पीड़ित भएको खबर जब तपाईं सुन्नुहुन्छ, के यसले तपाईंलाई वेचैनी पार्छ? तपाईंको परिपक्वताको एउटा चिन्हचाहिँ यी कुराहरूले तपाईंलाई कसरी असर पारिराखेको छ भन्ने हो। आफैलाई यी प्रश्नहरू सोध्नुहोस्: के म साँच्चै मेरो छिमेकीको वास्ता गर्छु? कुनै टाढ़ाको ठाउँमा हजारौं मानिसहरू मरे तापनि के त्यो मेरो निम्ति महत्त्वपूर्ण छ र? विश्वव्यापी सेवामा संलग्न हुने बारेमा के मैले सोच्ने सरोकार राखेको छु? खाँचोमा परेका मानिसहरूलाई सेवा गर्न के मैले मेरो एकलेसियालाई सहायता गरेको छु?

### तपाईंको अभ्यासको निम्ति

**७** हामीले अरूहरूलाई के कुरा दिएको परमेश्वर चाहनुहुन्छ?

**क**. हामीसँग भएका सबै थोकहरू।

**ख**. हामीले उहाँबाट प्राप्त गरेका थोकहरूको नापबमोजिम।

**ग**. हामीले दिन चाहयौं भने मात्र।

**८** **ठीक** बयानहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** ख्रीष्टियानको एउटा साँचो चिन्हचाहिँ अरूहरूका निम्ति ऊसँग सरोकार हुन्छ।

**ख.** तपाईं प्रभुमा परिपक्व बन्नुभएपछि मानिसहरूका आवश्यकताका निम्ति तपाईं बढ़ी सचेत बन्नुहुन्छ।

**ग.** जब ख्रीष्टियानले दुःख-कष्ट वा विनाशको बारेमा सुन्छ, संलग्न व्यक्तिहरूका निम्ति उसले पीडाको अनुभव गर्छ।

**घ.** थोरै पाउने व्यक्तिबाट धेरैको माग गरिएको हुन्छ।

**ङ.** जब परमेश्वरले तपाईंको यस जीवनमा धेरै कुराहरू दिनुहुन्छ, तब तपाईंबाट धेरै कुराहरूको माग गरिन्छ भन्ने अर्थचाहिँ यसले दिँदैन।

**च.** एकलै गरेको कामबाट भन्दा मानिसहरू मिलेर एकैसाथ गरेको कामबाट धेरै कुराहरू पूरा गर्न सकिन्छ।

**६** तल उल्लेखित प्रश्नहरूका उत्तर दिएर आफैलाई जाँच्नुहोस्।

| | हो\होइन |
|---|---|
| **क.** के तपाईं स्थानीय एकलेसिया (मण्डली)-को सदस्य हुनुहुन्छ? | ....... ....... |
| **ख.** के तपाईं लगातार एकलेसियामा जानुहुन्छ? | ....... ....... |
| **ग.** के तपाईं अरू ख्रीष्टियानहरूको सङ्गतिमा आनन्द मनाउनुहुन्छ? | ....... ....... |
| **घ.** के तपाईं आफ्नो रुपियाँपैसा वा अरू तरीकाहरूद्वारा एकलेसियालाई सहयोग गर्नुहुन्छ? | ....... ....... |
| **ङ.** समुदायमा सेवा पुऱ्याउनका लागि के तपाईंको एकलेसियामा क्रियाकलापहरू छन्? | ....... ....... |
| **च.** तपाईंको एकलेसियामा यी कुनै पनि क्रियाकलापहरूमा संलग्न हुनका लागि के तपाईंले अझ धेरै काम गर्नु आवश्यक छः | ....... ....... |
| आराधना? | ....... ....... |
| सङ्गति? | ....... ....... |
| सेवा? | ....... ....... |

स्थानीय एकलेसियाको अङ्ग हुनुबाट प्राप्त केही फाइदाहरूलाई तपाईंले अध्ययन गर्नुभएको छ, अरू विश्वासीहरूसँग संलग्न हुनका लागि परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस्। तब तपाईंको समुदायमा तपाईंले अझै प्रभावशाली सेवा गर्न सक्नुहुनेछ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

**५ ख** हामी एक-अर्कालाई राम्रोसँग चिन्न सक्छौं।

१ **क** ठीक **ग** ठीक **ङ** ठीक
**ख** बेठीक **घ** ठीक **च** बेठीक

६ तपाईंको उत्तर। केही उत्तरहरू यस्ता छन्: एकैसाथ खानु, एकैसाथ कुराकानी वा बाँड्चूँड् गर्नु, परियोजनामा एकैसाथ काम गर्नु, मनोरञ्जनमा बाँड्चूँड् गर्नु।

२ तपाईंको सूचीमा यी कुराहरू संलग्न भएका हुन सक्छन्: भजनहरू गाएर, हाम्रा आवाजहरूद्वारा उहाँको प्रशंसा गरेर, हाम्रा तालीहरू बजाएर, प्रार्थना गरेर वा अरूको सेवा गरेर।

**७ ख** हामीले उहाँबाट प्राप्त गरेका थोकहरूको नापबमोजिम।

३ तपाईंको उत्तर

८ **क** ठीक **ग** ठीक **ङ** बेठीक
**ख** ठीक **घ** बेठीक **च** ठीक

४ **ग** एकलेसियामा भएका अरू विश्वासीहरूसँग।

९ तपाईंको उत्तर। यदि तपाईंले यी प्रश्नहरूको कुनै-कुनै उत्तर **होइन** वा छैन भनी दिनुभयो भने, तिनीहरूका बारेमा फेरि विचार गर्नुहोस्। तपाईंको स्थानीय एकलेसियाद्वारा परमेश्वरसँगको तपाईंको सम्बन्धलाई तपाईंले सुधार गर्न सक्ने उपायहरूका बारेमा विचार गर्नुहोस्।